# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## नेपाल FIU लाई Egmont Group of Financial Intelligence Units को सदस्यता

सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा ९ बमोजिम नेपाल राष्ट्र बैंकमा स्थापित वित्तीय जानकारी इकाइले Financial Intelligence Units को अन्तर्राष्ट्रिय संस्था Egmont Group of Financial Intelligence Units को सदस्यता प्राप्त गरेको छ। यही सन २०१५ को जुन ७ देखि १२ सम्म बार्वेडसमा सम्पन्न Egmont Group को Plenary बैठकले वित्तीय जानकारी इकाइ नेपाललाई सदस्यता प्रदान गरेको हो । Egmont Group मा नेपालको सदस्यताले नेपाल र अन्य मुलुकका वित्तीय जानकारी इकाइहरुबिच सहज रूपमा सुरक्षित तबरले Egmont Secure Web मार्फत वित्तीय सूचना (Financial Intelligence) आदान प्रदान गर्न सकिने लगायत नेपालका अनुसन्धान अधिकारीहरूले अनुसन्धानका सिलसिलामा विदेशी मुलुकसँग रहेको अपराधसँग सम्बन्धित सूचनासमेत प्राप्त गर्न सहज हुनेछ। यसबाट मुलुकको वित्तीय अपराध नियन्त्रण गर्दै वित्तीय स्थायित्व कायम गर्ने अभियानमा थप बल पुग्ने विश्वास गरिएको छ।

गैर कानूनी आर्जनलाई शुद्धीकरण वा आपराधिक कार्य गर्ने व्यक्तिले अपराधको सम्भावित कारवाहीबाट बच्न विश्वव्यापी वित्तीय तथा विद्युतीय सञ्जालको प्रयोग गर्ने गरेको पाइन्छ । यस्ता कार्यहरूलाई पहिचान गरी नियन्त्रण गर्न विभिन्न मुलुकमा छरिएका सूचनाहरू एक आपसमा आदान प्रदान गरी अपराध विरुद्धको अभियानलाई कार्यान्वयन तहबाट समेत सशक्त बनाउन Egmont Group of FIUs को स्थापना सन १९९५ मा भएको थियो । यसमा हाल विश्वका १५१ FIU हरू सदस्य रहेका छन्।

**२०७२ असार १३ गते, आइतबार**

**गभर्नरको कार्यालय**